# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

मिति: २०७९।१२।०५

पत्र संख्या: २०७९।०८०
चलानी नं.:

**रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको व्यवसायिक कागती खेती विस्तार कार्यक्रमको अनुदान सम्बन्धी सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति २०७९/१२/०६**

यस रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.व. २०७९।०८० को संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम (शसर्त अनुदान) **-व्यवसायिक कागती खेती विस्तार कार्यक्रम** अर्न्तगत तपसिलका कृषि अनुदान कार्यक्रमहरु **प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७९ (माननीय मन्त्रीस्तरबाट मिति २०७९।१०।०५ मा स्वीकृत)** अनुसार संचालन हुने हुँदा कागती उत्पादन गररिहेका वा गर्न इच्छुक सेवाग्राही कृषक/समूह/सहकारी/समितिहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०७९/१२/२१ गते भित्र) आवश्यक कागजातहरु संलग्न राखी कार्यालयले उपलब्ध गराएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त आवेदन पेश गर्नुहुन अनुरोध छ ।

.............................
प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

क. संचालन हुने क्रियाकलापहरु
(१) नयाँ बगैचा विस्तार कार्यक्रम (विरुवा रोप्न खाडल खन्न आदी ज्यामी, विरुवा वितरण, कृषि औजार उपकरण, सिँचाइ पूर्वाधार निर्माण आदी)
(२) पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम (काटछाँट, रोगकीरा नियन्त्रण, सुक्ष्म तत्व, बोर्डो मिश्रण पेष्ट, कृषि औजार उपकरण, सिँचाइ पूर्वाधार निर्माण आदी)
(३) कागती नर्सरी सुदृढीकरण कार्यक्रम

ख. अनुदान प्रतिशत र अधिकतम सीमाः कार्यविधिको दफा ५ बमोजिम हुनेछ ।

ग. बजेट रकमः रु १० लाख

घ. कार्यक्रम छनौट तथा संचालनको न्यूनतम मापदण्ड कार्यविधिको परिच्छेद ३ को दफा १९ अनुसार हुनेछ ।

पेश गर्नुपर्ने कागजातहरु
१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,
२. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि,
४. गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
६. कार्यक्रम संचालन हुने जग्गाको धनीपुर्जा दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नको लागि कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि